जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- २२, २०८२ पुस १० गते विहीबार, 25 Dec 2025, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

समान काममा
विभेदपूर्ण पारिश्रमिक



○सरिता दाहाल

मकवानपुर । "समान काममा समान पसिना बगाउँछौ हामी श्रीमान् श्रीमती । तर मैले र मेरो श्रीमानले पाउने पारिश्रमिक समान छैन, जसको कारण दिनभरी एउटै काममा उसैगरी खट्ने हामीले घरफर्कदा पाउने पैसा समान हुदैन ।"

इट्टाको भारी उठाउँदै उनले भनिन् "कामको मुल्याङ्कन पैसामा हुने भएपछि श्रीमानले सहजै भन्नुहुन्छ, तैंले भन्दा मैले बढी कमाएकै छु म पनि उसैगरी खटेको हुँ तर काम पैसा पाएकै कारण म श्रीमान्को यो कुरा सुनेर चुपचाप बस्छु" मकवानपुर हेटौंडा१० कर्रा सफल टोलकी सरस्वती लामाको भनाई हो यो ।

सरस्वतीलाई विहान काममा जानु अघि फर्केपछि घरको कामको बोझ पनि छ, जुन श्रीमान कृष्णलाई छैन । दुबै मजदुरी गर्छन्, तर दैनिकी फरक, भोगाइ फरक, घटाइ फरक, पाउने सन्तुष्टि र ज्याला फरक । उनीहरू श्रीमान१ श्रीमती दुबै निर्माण मजदुर हुन् । "यही काम गरेर वर्षौंदेखि परिवार चलाएका छौं, छोराछोरी पढाएका छौं, तर मेरोभन्दा बढी श्रीमानको लगानी देखिन्छ सजिलै किनकि मेरो तलब नै कम आउँछ" उनले भनिन् "बराबर खट्दा पनि बराबर दिँदैनन् ।"

नेपालको संविधान २०७२, श्रम ऐन २०७४ र श्रम निमावली २०७५, सामाजिक सुरक्षा र श्रमिक अधिकारको प्रत्याभूति गराएको छ । राष्ट्रिय कानुनी व्यवस्थाहरू मार्फत नेपाल सरकारले मर्यादित श्रमको अवधारणलाई अंगिकार गरेको छ । यसले उत्पादनशील काम, उचित तलब, कार्यस्थलमा सुरक्षाको प्रत्याभुती, सामाजिक सुरक्षा, समान अवसर, हिंसार हित कार्यस्थल र श्रमिक अधिकारलाई न्यायोचित बनाउनु पर्ने मर्म बोकेको छ ।

सम्मानपूर्वक जीवनयापन गर्ने अधिकार हरेक व्यक्तिको संविधान प्रदत्त अधिकार हो । अन्तराष्ट्रिय महासंन्धि अनुमोदन गर्दै श्रमिक अधिकार र संरक्षण प्रति अन्तर्राष्ट्रिय प्रतिवद्धता जनाएको भएता पनि अनौपचारिक क्षेत्रको श्रममा संलग्न श्रमिकहरू अझै पनि पहिचान विहिन, असुरक्षित, अन्यायपूर्ण व्यवहार र शोषणले गर्दा समस्या हुने गरेको सरस्वतीले बताइन् ।

नेपालको संविधान २०७२ धारा १६ (सम्मानपुर्वक बाँच्न पाउने हक), धारा १८ (समानताको हक), धारा २९ (शोषण विरूद्धको हक) धारा ३३ (रोजगारीको हक), धारा ३४ (श्रमको हक), धारा ३८ (महिलाको हक), धारा ४३ (सामाजिक सुरक्षाको हक) को व्यवस्था छ, तर कार्यान्वयन प्रभावकारी नहुँदा महिलाहरू समान काममा असमान पारिश्रमिक लिएर विभेदकारी व्यवहार भोगिरहन बाध्य छन् ।

यो पीडा सरस्वतीको मात्रै हैन, निर्माण क्षेत्रमा कार्यरत आम महिलाको हो । जिल्लाको कुनैपनि गाउँपालिकाहरूले समान कामको लागि समान ज्याल कार्यान्वन हुन नसक्दा यो सिङ्गो महिलावर्गकै समस्या भएको बताउँछिन् जिल्ला समन्वय समिति मकवानपुर पुर्व उपप्रमुख तथा अधिकारकर्मी भगवती पुडासैनी ।

महिला अधिकारका लागी धेरै संघर्ष गरियो, आवाज उठाइयो, तर कार्यान्वयनको पाटो सधैं अधुरो भयो" पुडासैनी भन्छिन् "स्थानीय तहको ऐक्यवद्धता स्वरूप नेपालको अधिकांश क्षेत्र वा गाउँवस्ती जहाँ जे काम गर्दा होस महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिने गरेको मैले पनि पाएको छु" पुडासैनीले भनिन् ।

"सामन काममा समान ज्यालाको लागि जिल्ला समन्वय समिती मकवानपुर ले पालिकास्तरीय समन्वय बैठकबाट सबै पालिकाले आ(आफ्नो पालिकामा समान कामको समान ज्याला नीति तथा कार्यविधी तयार गरि लागु निर्देशन दिएको थियो । यो झण्डै ४ वर्ष अघिको कुरा हो तर हालसम्म पनि यसको पूर्ण कायान्वयन भएकै छैन ।

मकवानपुरका स्थानीय तहले महिला र पुरूषमा भेदभाव हुँदा पनि समान ज्यालाबारे केही निर्णय गर्न नसकेको उनले बताइन् । राजनीतिक क्षेत्रमा महिलाहरुको सहभागिता बढ्दै गए पनि कृषि क्षेत्रमा सक्रिय श्रमिक महिलाहरुले समान कामको समान ज्याला अहिलेसम्म पाउन सकेका छैनन् ।

गाउँपालिका र नगरपालिकामा कम्तीमा पर्याप्त जनप्रतिनिधिहरू महिला छन्, तर हालसम्म समान ज्यालाका लागि कुनै पनि स्थानीय तहले निर्णय गरेका छैनन् । "एउटै काम उति नै समय तर पुरूषलाई भने बढी ज्याला महिलालाई भने कम यस्तो विभेद छ, यो सह्यो कुरा हैन" उनले भनिन् ।

ग्रामीण भेगमा पेज ४ मा

टोल विकास संस्थालाई वाइपास गर्छन जनप्रतिनिधि



मनहरी गाउँपालिका वडा ४ मा ५ वटा टोल विकास संस्थामध्ये एउटा पशुपति टोल विकास संस्था मात्रै सक्रिय छ । अरु टोल विकास संस्थालाई स्थानीय सरकारले गर्ने कामको बारेमा न चासो छ न उनीहरु सकार्यको लागि पहल नै गर्छन् । न त स्थानीय वडा तथा गाउँपालिकाले टोल विकासको क्षमता विकासमा चासो नै दिने गरेको छ ।

पेज ३ मा

सुरू भयो चित्लाङ भ्युटावर

प्रदेश सरकारले २०७६ सालदेखि हालसम्म १३ मध्ये ९ जिल्लामा ११ वटा भ्युटावर निर्माण गरिसकेको छ । मकवानपुरसहित नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, चितवन, रामेछाप, सिन्धुली, धादिङ र दोलखामा उक्त संरचना निर्माण भएका हुन् । ११ वटा भ्युटावर निर्माणमा प्रदेश सरकारले कुल ३२ करोड ८४ लाख ३ हजार ३ सय ३९ रुपैयाँ लगानी गरेको छ ।

पेज ४ मा

किर्ते नागरिकतामा वडाध्यक्षसहित सात जनालाई कैद सजाय



पेज ५ मा

हेटौंडा उपमहानगरपालिका वडा १० को सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरा मा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन, (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । *विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।* त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

१० नम्बर वडा कार्यालय, हेटौंडा उपमहानगरपालिका

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

विद्यालय शिक्षा प्रभावकारी बनाउ

संविधानले विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय सरकारलाई सुम्पिएको छ। तर विद्यालय शिक्षा साँच्चिकै प्रभावकारी बन्दैछ कि केवल अधिकारको विकेन्द्रीकरण मात्रै भएको हो भन्ने सवाल जल्दोबल्दो छ? विद्यालयको पहुँच बढेको छ, भर्ना दर पनि सुधारिएको छ, तर सिकाइको गुणस्तर, अनुशासन र परिणामप्रति अभिभावकको असन्तोष घटेको छैन । यसले स्थानीय सरकारको भूमिकामाथि गहिरो समीक्षा आवश्यक देखिन्छ ।

सबैभन्दा पहिले नीति र कार्यान्वयनबीचको खाडल बुझ्नुपर्छ । अधिकांश स्थानीय तहले शिक्षा ऐन, शिक्षा नीति र वार्षिक योजना बनाएका छन् । तर ती कागजमै सीमित छन् । विद्यालय अनुगमन औपचारिकतामा सीमित छ, तथ्यमा आधारित मूल्याङ्कनको अभाव छ । कक्षा पुगेर शिक्षण प्रक्रिया हेर्ने, सिकाइ उपलब्धि मापन गर्ने र कमजोर पक्षमा सुधार योजना बनाउने संस्कार अझै विकास हुन सकेको छैन । शिक्षा सुधारको सुरूआत कार्यालयबाट होइन, कक्षाकोठाबाट हुनुपर्छ । शिक्षक व्यवस्थापन र क्षमता विकासमा स्थानीय सरकार कमजोर देखिएको छ । संविधानले शिक्षक व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको भए पनि धेरै स्थानीय सरकार यो जिम्मेवारीबाट पन्छिन खोजिरहेका छन् । दरबन्दी मिलान, विषयगत शिक्षकको अभाव, समयमै तलब र सुविधा नपाउने समस्या, तालिमको पहुँच नहुनु जस्ता सवालले शिक्षण गुणस्तरमा प्रत्यक्ष असर पारेका छन् । स्थानीय सरकारले शिक्षकलाई राजनीतिक प्रभावबाट मुक्त राख्दै पेशागत सम्मान र उत्तरदायित्व सुनिश्चित गर्नुपर्छ ।

स्थानीय पाठ्यक्रम र जीवनोपयोगी शिक्षा लागू गर्न स्थानीय सरकारको चासो प्रभावकारी छैन । विद्यालय शिक्षा अझै पनि स्थानीय जीवनसँग टाढा छ । यसले विद्यार्थीलाई आत्मनिर्भर बनाउन सक्दैन यसतर्फ ध्यान दिनु आवश्यक छ ।

वैदेशिक रोजगारीका अथाह कहर

रञ्जिता दाहाल

राजनीतिक, सामाजिक तथा आर्थिक अस्थिरता, सीमित अवसर, स्रोतको असमान वितरण र बढ्दो बेरोजगारीको मारले लाखौं नेपाली युवा रोजगारीको खोजीमा विदेशिएको वर्षौं भयो । नेपालमा आफ्नो परिवार छाडेर रोजगारीका लागि विदेशिएका नेपालीका सन्तान पनि अब वैदेशिक रोजगारीकै निम्ति पलायन हुन थालिसकेका छन् । केवल समय र दिन बदलिएका छन्, तर उस्तै छ,सामाजिक परिस्थिति, कठिनाइ र आर्थिक स्थिति ।

पारिवारिक जिम्मेवारी तथा आर्थिक अभावले थिचिएका नेपालका युवाको सुन्दर भविष्य निर्माणका लागि आशाको त्यान्द्रो बन्न पुगेका छन् मध्यपूर्वका केही राष्ट्र । र, तीमध्ये एक लोभलाग्दो गन्तव्य हो यूएई ।

नेपाल सरकारले विभिन्न नियम कानुनमार्फत वैदेशिक रोजगार मा सुरक्षित आप्रवासन सुनिश्चितता गर्ने प्रयास नगरेको होइन, तर वैदेशिक रोजगारी नियमन गर्न समय सापेक्षित कानुन ल्याउनु र कार्यान्वयन गर्नु उत्तिकै जरूरी हुन्छ । अझ वैदेशिक रोजगारीमा पाइलैपिच्छे हुने बिचौलियाको हालीमुहालीले श्रम आप्रवासन झन् कठिन बनेको छ, यसले श्रमिकमा आप्रवासनको लागतसमेत बढाएको छ ।

यूएईमा करिब ७ देखि ८ लाखको हाराहारीमा नेपाली कामदार छन् । तीमध्ये अधिकांश नेपाली समुदायमा चेतनाको कमी छ । आफू कार्यरत मुलुकको सामाजिक संरचना तथा श्रमसम्बन्धी कानुनी ज्ञानको कमीले कामदारहरु सहजै आर्थिक, सामाजिक तथा कानुनी जोखिममा पर्छन् । 'समय रहँदै राहदानी तथा भिसा नवीकरण गर्नुपर्छ' भन्ने सामान्य विषयको ज्ञान पनि नेपाली श्रमिकमा छैन । यूएईले श्रमिकको अधिकार र सुरक्षा सुनिश्चितताका लागि रोजगारीसम्बन्धी कडा कानुन तथा नियम लागू गरी श्रममाथिका उजुरी दर्ता गर्ने डिजिटल माध्यम उपलब्ध गराएको छ । अप्ठ्यारो पर्दा, कम्पनीमा करार बमोजिमको तलब नदिँदा वा कुनै पनि श्रमसम्बन्धी गुनासो वा समस्या समाधानका लागि यूएईको नि:शुल्क हेल्पलाइन नम्बर वा एफमार्फत तुरून्तै गुनासो दर्ता गर्न सकिन्छ । जति नै सम्झाइ बुझाइ गरे पनि नेपाली श्रमिकहरु यहाँका सम्बन्धित निकायमा आफ्ना गुनासाहरु औपचारिक रुपमा दर्ता गर्न इच्छुक देखिँदैनन् । बरू उनीहरुमा कम्पनी छाडेर भाग्ने र त्यसपछि दूतावासले नै सम्पूर्ण काम गरिदिनुपर्ने अपेक्षा राख्ने प्रवृत्ति छ । नेपालबाट काम गर्न आएको एक/दुई महिनामै लगभग ३० जना जति श्रमिक कम्पनीबाट भागेर दूतावास आउने गरेको देखिन्छ ।

विश्व बजारमा श्रमिकहरु निर्यात गर्ने देशका रुपमा अग्र स्थानमा आफूलाई उभ्याउँदै गर्दा विदेशी भूमिमा नागरिकको हक र कानुनी अधिकारको सुनिश्चितता राज्यले गर्नुपर्ने हुन्छ र प्रचलित कानुनका आधारमा रही कर्मचारीले सेवाग्राहीलाई सेवा प्रदान गर्नुपर्छ । तर, सेवा प्रवाहमा समाधान वा समाधानको विकल्पभन्दा बढी कागजी कारबाहीमै अल्झिने परम्पराले कर्मचारीतन्त्र अभ्यस्त छ । नियम कानुन उल्लंघन गरी 'जे गरे पनि छुट हुन्छ, दूतावासले गर्दिनैपर्छ' भन्ने मानसिकता राख्ने केही नेपाली श्रमिक र कर्मचारीको जब दूतावासमा आमनेसामने हुन्छ, तब कर्मचारी श्रमिकबीच द्वन्द्वको अवस्था सिर्जना हुन्छ ।

अधिकांश अवस्थामा श्रमिकहरु दूतावासको ढोकासम्म आइपुग्दा स्थानीय कानुनी जटिलता उत्पन्न भइसकेका हुन्छन्। त्यसैले कर्मचारीहरु स्थानीय कानुनअनुसार आवश्यक प्रक्रियागत विषय बुझाउने र कागजी प्रक्रिया मिलाउने कार्यमै केन्द्रित हुन्छन् । तर, तत्कालै समस्या समाधान हुने अपेक्षा राखी दूतावास आउने श्रमिकले अपेक्षाअनुसार समाधान प्राप्त गर्न नसक्दा असन्तुष्टि उत्पन्न हुन्छ ।

बिचौलियाको प्रलोभनमा नराम्रोसँग फसेका श्रमिकको नेपाल सरकार र दूतावासका कर्मचारीप्रति विश्वास अत्यन्तै न्यून देखिन्छ । कारण केही समस्या परे दूतावासका कर्मचारीले कानुनी बाटो देखाइदिन्छन् वा नेपाल फर्काउन सहजीकरण गरिदिन्छन् । तर, अर्कोतिर बिचौलियाले पैसा लिएर रोजगारीको प्रलोभन दिन्छन् । एकातिर नेपाल फर्काउन पहल गर्ने कर्मचारी र अर्कोतिर रोजगारीको प्रलोभन दिने बिचौलियामध्ये बेरोजगारीको मारमा परेका युवाले बिचौलिया रोज्छन् ।

वैदेशिक रोजगारीको सिलसिलामा हरेक श्रमिकले आफूले कार्य तथा बसोबास गर्ने मुलुकको नियम, कानुन र सामाजिक व्यवस्था पालना गर्नुपर्छ । आफू कार्यरत जुनसुकै ठाउँमा स्थानीय कानुनको पालना नगर्दा व्यक्तिगत रुपमा कानुनी कारबाही, जरिवाना, रोजगारीबाट निष्कासित हुनुपर्ने र कतिपय अवस्थामा जेलसमेत जानुपर्ने हुन्छ । कानुनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने विषय यहाँ कार्यरत नेपाली समुदायलाई बुझाउनै कठिन छ ।

राजनीतिक, सामाजिक र आर्थिक अस्थिरता तथा बेरोजगारीका कारण लाखौं नेपाली युवा वैदेशिक रोजगारीमा जान बाध्य भएका छन्। यूएईजस्ता मुलुकमा नेपाली श्रमिकले कानुनी अनभिज्ञता, बिचौलियाको ठगी, सामाजिक तथा मनोवैज्ञानिक समस्यासहित विविध जोखिम भोग्नुपरेको छ। वैदेशिक रोजगारी सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन श्रमिक सचेतना, कानुनी जानकारी, छिटो समस्या समाधान र महिला अधिकारको सुनिश्चितता अपरिहार्य देखिन्छ।

पछिल्लो समय यूएईमा मादक पदार्थ सेवन गरी झैझगडा अनि हो हल्ला गर्ने र यहाँको आवाससम्बन्धी नियम पालना नगरेकाले निष्कासित हुने नेपालीको संख्यामा वृद्धि भएको छ । गत जनवरीदेखि डिसेम्बर सम्मको तथ्यांक हेर्दा दूतावासबाट करिब ४ हजार १ सय ९० जनालाई एकतर्फी यात्रा अनुमतिपत्र जारी भएको छ ।

तीमध्ये अधिकांश यहाँको आवाससम्बन्धी नियमहरु पालना नगर्ने, कम्पनी छाडेर भागी कम्पनीले केस गरेकाहरु, मदिरा सेवन गरी झैझगडा गर्ने, बिनास्वीकृति मदिरा तथा अन्य सामानहरु बेच्ने तथा इज्जत केसमा संलग्न हुन् । साथीहरुसँग बसी मदिरा सेवन गरी सँगै बसेको साथीलाई छुरा हान्दा साथीको ज्यान गएपश्चात् एक जना नेपाली सारजाहमा जेल जीवन काटिरहेका छन् ।

ऋणको बोझिलो भारी एकातिर अनि विदेशमा एक्लोपन र घर परिवारको चिन्ता, युवा अवस्थामा परिवारबाट टाढा हुँदा भावनात्मक सम्बन्धको अभावमा उत्पन्न हुने समस्या, मनमित्र कुण्ठित भावना, अनि बढ्दो सम्बन्ध विच्छेदका घटनासँगै उत्पन्न पारिवारिक विखण्डन, एकल अभिभावकत्वको समस्या, सोचे अनुसार पैसा कमाउन नसक्नु जस्ता विविध कारणले नेपालीमा पछिल्लो समय मनोवैज्ञानिक समस्या देखिएको छ । यस्ता समस्याले निम्त्याएको डरलाग्दो निर्णयको परिणाम हो आत्महत्या । सन् २०२५ को जनवरीदेखि अहिलेसम्म करिब ३२ जना नेपालीले यूएईमा आत्महत्या गरिसकेका छन्, जसमध्ये ६ जना महिला र २६ जना पुरूष छन् ।

त्यस्तै नेपालीमाझ बिना विवाह तथा विवाहेत्तर सम्बन्धमा रहने प्रचलन बढ्दो देखिन्छ । यसले एकातिर सम्बन्ध विच्छेदका समस्या बढिरहेका छन् भने अर्कोतिर प्राकृतिक कारणले महिलाले गर्भधारण गर्ने हुँदा पुरूषहरु जिम्मेवारीबाट पन्छिने गरेका छन् । र, महिला अवैध सम्बन्धको लाञ्छना र त्यस्ता सम्बन्धबाट जन्मिएका बच्चाहरुको एकल जिम्मेवारीको चपेटामा पर्छन् । महिनामा करिब एकजना बाबुको पहिचान नभएका/लुकाइएका महिला अबोध बच्चा च्यापेर कागजात बनाउन दूतावास आउने गर्छन् ।

यूएईमा कार्यरत कतिपय नेपाली महिलाले घरैमा बच्चा जन्माउने गरेको पनि देखिन्छ । कारण अवैध सम्बन्ध र अवैध बसाइ अनि जेल परिने र निष्कासनमा पर्ने डर । यूएईमा विवाहबिने बच्चा जन्माउनु कानुनी तथा सांस्कृतिक कारणले गैरकानुनी मानिन्छ । तर, यूएईमा आप्रवासीको संख्या बढेसँगै अहिले यूएईले कानुनमा परिमार्जन गरेको छ । आप्रवासी कामदारका हकमा वैवाहिक सम्बन्धभन्दा बाहिर बाट जन्मिएका बच्चाहरुले बाबुको पहिचान नभएको खण्डमा आमाको मात्रै नाम राखी बच्चाको जन्मदर्ता प्राप्त गर्न सक्छन् ।

आप्रवासनको संख्या वृद्धि हुँदै जाँदा कार्यस्थलमा हुने दुर्घटना, दु:खद मृत्यु अनि अपांगता भएपछि पनि क्षतिपूर्ति पाउने कानुनी जटिलता छन् । यूएईमा अधिकांश कम्पनीमा कार्यरत श्रमिकको कार्यस्थलको मात्रै बिमा हुने र २४ सै घण्टा बिमा वा जीवनबिमाको प्रावधान नहुनुले कार्यस्थलभन्दा बाहिर केही कारणवश दुर्घटना भए वा घातक रोग लागे सो व्यक्तिले क्षतिपूर्ति प्राप्त गर्न सक्दैन । राहदानी बन्धकी राखेर ऋण लिने दिनेदेखि सुत्केरी खर्च

बाँकी पेज ४ मा

टोल विकास संस्थालाई वाइपास गर्छन



जनप्रतिनिधि

○सरिता दाहाल

मकवानपुर । मकवानपुरको मनहरी गाउँपालिकाले आफ्नो गाउँपालिका मित्र हुने विकास निर्माण तथा शान्ति सुव्यवस्थापनको लागि टोल विकास संस्थालाई सहकर्मीको रूपमा स्वीकार गर्ने नीति लिएको छ ।

गाउँपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७९ को प्रस्तावनामा भनेको छ: सामुहिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तर मा सुशासन प्रर्वद्धन गर्न गाउँपालिका तथा नगर उन्मुख वस्तीहरूमा निश्चित भौगोलिक क्षेत्रमित्र रहेका सबै घरधुरी सदस्य रहने गरि स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगिको रूपमा रहने गरि तीनै संस्थाहरूबाट सेवा सुविधाको पहुँच बढाउन वान्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मनहरी गाउँकार्यपालिकाले टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७९ बनाएको छ ।

तर कार्यविधिले भनेको मर्म अनुसारको काम व्यवहारमा देखिदैन । उक्त कार्य विधिको उद्देश्यमा भनिएको छ : टोल वस्तीस्तरमा विभिन्न निकायहरूबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिवृद्धि गर्ने, टोलवासीहरूमा उद्यमशीलताको विकास गराई टोल स्तरमा लघुउद्यमको सृजना, विकास र प्रर्वद्धन गर्ने, टोल वस्ती स्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने, आर्थिक सामाजिक सवालमा सबै टोलवासीहरूलाई निर्णय प्रकृयामा समान अवसर र अधिकार प्रदान गर्ने।

यसै गरी टोलको सामाजिक कार्यमा पार दर्शिता कायम गरि सुशासनलाई बढवा दिने, वस्ती/टोल स्तरमा सबै संस्थाहरूको प्रवेशद्वार को रूपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरूबाट संचालन हुने विकास कार्यमा सहयोग गर्ने, टोलका सदस्यहरूको गरि बीलाई नेपाल सरकारले तोकेको आधारमा वर्गीकरण गरि तिनिहरूको अभिलेख तयार गर्ने, टोलको समग्र विकासलगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सक्रिय हुने जस्ता उद्देश्य राखेर कार्यविधि पारित गरिएको छ ।

सो अनुसार न त गाउँपालिकाको सबै वडाहरूको आवश्यकता अनुसार टोल विकास संस्थाहरू गठन तथा दर्ता भएका छन्, न त भएका टोल विकासहरूलाई स्थानीय तहहरूले समन्वय र सहकार्यको सारथीको रूपमा नै स्वीकार गरेको छ ।

वातावरण र सरसफाई, बालमैत्री नगर/वडा घोषणा,प्राङ्गारिक खेती विस्तार,नश्ल सुधार, उद्यमशीलता विकासका अभियान संचालन गर्न, टोल विकास संस्थामा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरूको संरक्षण सर्वद्धन गर्न, टोल विकास संस्थाहरूले सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मुल्याङ्कन प्रकियामा सहयोग पुयाउन सरकारले टोल विकास संस्थाहरूलाई सारथीको रूपमा कल्पना गरेको भए पनि स्थानीय जनप्रतिनिधिहरूले टोल विकास संस्थालाई आफ्नो प्रतिष्पर्धिको रूपमा हेर्न गरेको कारण समस्या भएको बुझिएको छ ।

निर्वाचित जनप्रतिनिधिहरूले टोल विकास संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरूलाई आफूहरूको प्रतिष्पर्धिको रूपमा हेर्ने गरेको कारण टोल विकासको काममा समन्वय सहकार्य नभएको बताइएको छ । टोल विकास संस्थाहरू गठनमा वडा कार्यालयहरूले वास्ता नगर्ने र गठन गरिएको भएपनि विभिन्न योजना छनौटमा सहभागी नगराउने गरेको टोल विकास संस्थाका प्रतिनिधिहरूले गुनासो गरेका हुन् । "हामीलाई वडाले योजनाको कुराहरू गर्नको लागि खबर गरेकै थाहा छैन" मनहरी गाउँपालिका वडा ३ को श्री शान्ति टोल विकास संस्थाको सदस्य मितु कार्कीले भनिन् ।

वार्षिक योजना निर्माणको क्रममा स्थानीय वडा कार्यालयले टोलको विकास तथा समृद्धिको लागि स्थानीय टोल विकास समूहमार्फत विकासको योजनाहरू माग गर्ने, स्थानीय आवश्यकताहरू पहिचान गर्ने, प्राथमिकीकरण गर्ने जस्ता कार्यमा सहकार्य गर्नुपर्नेमा टोल विकासलाई थाहै नदिने गरेको कार्कीले बताइन् ।

"टोल विकास संस्थाको पदाधिकारीहरूलाई थाहै नदिकन बनाइएका योजनाहरू पनि टोलको विकासमा प्रभावकारी भएको भए त केही गुनासो थिएन, उहाँहरूले टोलको विकास तथा समृद्धिमा ध्यान दिएको देखिदैन" उनले भनिन् "डेडुखोलाको भूमिहिनहरूको जीवनस्तर उकास्ने गरी वडाले केही कार्यक्रम नै बनाएको छैन ।"

यता मनहरी ६ प्रतापपुरको टोल विकास संस्थाका अध्यक्ष कालेबहादुर राइले पनि स्थानीय विकासमा टोल विकास संस्थासँग वडाले समन्वय नगरेको बताए ।

"वडाले गर्नुपर्ने कामहरू गरि रहेकै छ, मनेर होला हामीलाई कुनै भेलामा बोलाएको जानकारी छैन" राइले भने "टोल विकास संस्था छ, तर हामीले खासै काम गर्न पाएका छैनौ ।" मनहरी ४ को ठाडो खोलाको टोल विकास संस्थाले पनि वडा कार्यालयबाट आफूहरूलाई समन्वय नभएको स्थानीयले बताएका छन् ।

३ वर्ष अघि गठन गरिएको टोल विकास संस्था छ, बैठक नै नभएको पनि ३ वर्ष भयो, केही काममा सहयोग गरेको थाहा छैन," स्थानीय राधिका प्रजाले भनिन् "टोल विकासको चासो भएको भए, वडाले पनि ध्यान दिएको भए टोलमा विकास, सिँचाइ जस्ता काममा राम्रो हुने थियो होला नि ।" वडा कार्यालयले पनि स्थानीय टोल विकास संस्थालाइ सक्रिय बनाउनको चासो नलिएको कारण समस्या भएको स्थानीय मनिषा प्रजाले बताइन् ।

के छ टोल विकास संस्थाको काम कर्तव्य र अधिकार ?

टोल विकास संस्थाले आफनो टोल क्षेत्रको समग्र विकास र सदस्यहरूको हितका लागि विभिन्न सहकार्य र समन्वयको कार्यहरू गर्ने भन्ने कार्यविधिमा उल्लेख छ ।

जसमा टोलमा धनि गरिबको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रकृया र श्रोतमा समान अधिकार प्रदान गर्ने, विभिन्न सरकारी एवं गैर सरकारी निकायहरूसँग सुमधुर सम्बन्ध स्थापित गरि टोलको विकासको लागि सहजीकरण गर्ने, टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरू संचालन गर्न आवश्यक सहजिकरण गर्ने, टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने काममा टोल विकास संस्थाले गर्नुपर्छ ।

यसैगरी टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताका आधारमा टोल विकास योजना तर्जुमा गर्ने, पूर्ण सरसफाई उन्मुख अवस्था, एच.आई.भि / एड्स, अन्धविश्वास, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरि सुधारका कार्यक्रमहरू संचालन गर्ने, टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अध्यावधिक गर्न सूचना अभिलेख गर्ने, सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरूको पहिचान गरी वडामा सिफारिस गर्ने, टोल विकास संस्था मार्फत संचालन हुने वातावरण श्रृजना गर्ने, आफनो वडा तथा टोललाई सामुदायिक विकास अभियान संग सम्बन्धित स्वास्थ्य तथा बातावरणमैत्री, बालमैत्री, प्राङ्गारिक खेती विस्तार नश्ल सुधार, उद्यमशिलता बनाउने कार्यक्रमहरू संचालन गर्ने काममा समेत टोल विकास संस्थाले गर्नुपर्छ ।

यसैगरी टोलमा भवन निर्माण मापदण्ड, समाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकार का विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने, टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने जस्ता सामान्यदेखि विशेष विशेष महत्वका काममा टोल विकास संस्था स्थानीय सरकार वडा र गाउँपालिकासँग सारथीको रूपमा अघि बढ्न सक्छ । तर स्थानीय सरकारले समन्वय र सहकार्यको लागि स्थानीय टोल विकास संस्थालाई बाइपास गरेको सामाजिक अभियन्ताहरूको बुझाइ छ ।

स्थानीय सरकारले टोल विकास संस्थालाई उनीहरूको भूमिका अनुगमन गरेर पुरस्कार, सम्मान र कदर गर्ने सवाल समेत कार्य विधिमा उल्लेख छ । टोल विकास संस्थाका व्यक्ति वा संस्था आदिलाई समुदायको विकासमा उत्कृष्ट कार्य गर्नेलाइ वडा समिति वा गाउँपालिकाले सम्मान एवं पुरस्कृत गर्न सकिनेछ भनिएको छ । यसको लागि तर वडा समितिले आफ्नो क्षेत्र मित्रका टोल विकास संस्थाको नियमित रूपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरूको सुधारका लागि सुझावहरू दिन सक्ने परिकल्पना कार्यविधिले गरेको छ । गाउँपालिका तथा समग्र गाउँक्षेत्र मित्रको टोल विकास संस्थाहरूको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास संस्थाहरूलाई पृष्ठपोषण गर्न सक्नेछ । तर स्थानीय सरकारले अनुगमन तथा मूल्याकंन गरेर पृष्ठपोषण दिनुभन्दा पनि समन्वय नै नगरेपछि टोल विकास संस्थाहरू स्थापनामा मात्रै सिमित भएका छन् ।

टोल विकास संस्था आवश्यक नै छैन : वडा अध्यक्ष थापा

मनहरी गाउँपालिका वडा ४ मा ५ वटा टोल विकास संस्थामध्ये एउटा पशुपति टोल विकास संस्था मात्रै सक्रिय छ । अरू टोल विकास संस्थालाई स्थानीय सरकारले गर्ने कामको बारेमा न चासो छ न उनीहरू सकार्यको लागि पहल नै गर्छन् । न त स्थानीय वडा तथा गाउँपालिकाले टोल विकासको क्षमता विकासमा चासो नै दिने गरेको छ । वडा ४ का अध्यक्ष प्रकाश थापा टोल विकास संस्थाहरूलाई स्थानीय विकासको साझेदार बनाउनु नै त्रुटीपूर्ण भएको बताउँछन् ।

"हामीले के गर्ने हो र, योजनाको कामहरूमा नै उहाँहरू सक्रिय हुनुहुदैन" वडा अध्यक्ष थापाले भने । स्थानीय सरकार सञ्चालन ऐन २०७५ ले टोल विकास संस्थालाई विकासको साझेदारको रूपमा परिकल्पना गरेको छ, तर स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू यो परिकल्पनालाई सहज मान्न तयार देखिदैनन् ।

"यो टोल विकास संस्थालाई विकासमा संगै लैजाने कल्पना कसको रहेछ, यो हटाउनु पर्ने देख्छु म" वडा अध्यक्ष थापाले भने "यो संरचनाको काम नै छैन, यो गलत अभ्यास, टोल विकास संस्था चाहिने कुरो हैन ।" टोल विकास संस्थाहरूको गुनासो सुन्न लायक नै नभएको उनले बताए । टोल विकास संस्थाभन्दा पुराना आमा समूहहरूको संरचना ठिक रहेको उनले बताए । जनप्रतिनिधिसँग डिबेटु मा रहेने गरी टोल विकास संस्था रहेको उनले दाबी गरे ।

वडाले बजेट बनाउँदा टोल विकास संस्थालाई सोधेर राख्नु पर्छ भन्ने नियत राख्दा जनप्रतिनिधिहरूलाई अनावश्यक समस्या भएको उनले बताए । योजना बनाउँदा टोल विकास संस्थासँग सोधेर बजेट लैजानको लागि संभव नै नभएको उनले बताए । "बजेट नै कम हुन्छ, समन्वय गरेर बजेट पुयाउन सकिने संभावना नै देखिदैन" थापाले भने । वडा ४ मा ५ वटा टोल विकास संस्था छन्, यहाँ पनि पशुपति टोल विकास संस्था एउटा मात्रै सक्रिय छ, अरूले खासै उपस्थिती देखाउने गरेका छैनन् ।

यसो त मनहरी गाउँपालिकाको ९ वटा वडामा गरी ६४ वटा टोल विकास संस्था छन् । गाउँपालिका सामाजिक विकास शाखा प्रमुख (अधिकृत छैठौं) ज्ञानेन्द्र ढकालका अनुसार एकाध टोल विकास संस्थामात्रै सक्रिय छन् । अन्य संस्थाहरू गठन गरेर एक पटक गाउँपालिकामा दर्ता गरेपछि उनीहरूको कुनै पनि गतिविधि देखिएकै छैन । संस्थाको नविकरण, साधारण सभा, स्थानीय गतिविधिमा संलग्नता केही देखिदैन । स्थानीय विकास निर्माण, सचेतना अभिवृद्धि, सुशासन तथा शान्ति व्यवस्थापनमा समेत टोल विकास संस्थाको उपस्थिती अपरिहार्य रहेकोले आगामी दिनमा उनीहरूको क्षमता विकासको पाटोलाई ध्यान दिने सामाजिक विकास शाखा प्रमुख ढकालले बताए । "टोल विकास संस्था त नभइ नहुने संरचना हो, यो बिना त मियो बिनाको दाँड जस्तै हुन्छ" उनले भने । यसरी टोल विकास संस्थाबारे जनप्रतिनिधि र प्रशासनिक व्यक्तिहरूबीको बुझाइमै फरक देखिन्छ।

गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले आफूले टोल विकास संस्थाहरूको विकास, क्षमता अभिवृद्धिको लागि पालिकाबाट बजेटको व्यवस्थापन गरेको दाबि गरे । तर यसको कार्यप्रगति कतै देखिएको छैन । "पहिलेको गाउँ विकास समिति अहिले सिङ्गो एउटा वडा बनेको छ, जहाँ हामी जनप्रतिनिधिले मात्रै चाहेर सबै बुझ्न सक्दैनौ, विकास र समस्याको सवाल बुझ्ने भनेको वडा हो, वडालाई सघाउने भनेको त्यहाँको टोल विकास संस्था नै हो" अध्यक्ष कालाखेतीले भने "हामीले टोल विकास संस्थालाई वाइपास गर्यौ भने समस्या पहिचान र सम्बोधन नै गर्न सक्दैनौ ।" गाउँपालिका अध्यक्षले टोल विकास संस्थालाई साझेदारको रूपमा स्वीकार गरे जस्तो बताइरहदा वडाका प्रमुखहरू र योजना शाखाले भने आफूहरूलाई समन्वय नै नगरेको स्थानीयहरूको गुनासो छ । वास्तममा नै जनप्रतिनिधि र टोल विकास संस्थाबीच डिबेट छ भने यो राम्रो हैन ।

सुधारको लागि अब के गर्न सकिन्छ ?

टोल विकास संस्थालाई स्थानीय सरकार मार्फत हुने विकासे गतिविधिदेखि शान्ति सुरक्षा कायम गर्नमा समेत साझेदारको रूपमा स्वीकार गर्नुको विकल्प छैन । बरू स्थानीय जनप्रतिनिधि र टोल विकास संस्थाका पदाधिकारी प्रतिनिधिहरूबीच गलत बुझाइलाई मेटाउनु जरूरी छ ।

स्थानीय टोल विकास संस्थाको सक्रियतामा मात्रै टोल सुधार, टोलको योजना गतिविधि र आवश्यकता बारे ज्ञान हुन्छ । जनप्रतिनिधिहरूलाई आफू सोही क्षेत्रबाट निर्वाचित भएको हिसाबले आफूहरू पनि त्यहीको जानकार भएको दाबि र हुन्छ । तर जनप्रतिनिधिको दलगत नजरमा त्रुटी र साँघुरोपन हुनसक्ने भएकोले टोल विकास संस्थाको सक्रियता आवश्यक भएको सामाजसेवीहरूको धारण छ ।

सुरू भयो चित्लाङ म्युटावर

○ सहीखबर संवाददाता

मकवानपुर । निर्माण सम्पन्न भएको दुई वर्षपछि थाहा नगरपालिकाको चित्लाङमा निर्माण गरिएको म्युटावर उद्घाटन गरिएको छ ।

स्थानीय तहले सञ्चालन तथा व्यवस्थापन गर्नेगरी बागमती प्रदेश सरकारले निर्माण गरेको सो म्युटावर बुधबार उद्घाटन गरिएको हो ।

विगतमा सञ्चालन कार्यविधि तथा स्थानीय तह र प्रदेश सरकार बिचको सहमति मिल्न नसक्दा म्युटावर तथा हिल स्टेसन सञ्चालनमा आउन सकेको थिएन । बागमती प्रदेश सरकार को लगानीमा निर्माण भएको सो संरचनाको बुधबार मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ तथा संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले उद्घाटन गरेका हुन् ।

प्रदेश सरकारले 'चित्लाङ हिलस्टेसन प्याकेज' कार्यक्रमअन्तर्गत कुल ५ करोड २७ लाख ४७ हजार रूपैयाँ लागतमा म्युटावर र अन्य सहायक संरचनाहरु निर्माण गरेको थियो । २०७७ र २०८० मा गरी दुई प्याकेजमा निर्माण सम्पन्न भएको उक्त संरचना हस्तान्तरण र व्यवस्थापनको कार्यविधि नबन्दा प्रयोगविहीन अवस्थामा थियो ।

गत साता मात्रै प्रदेश सरकारले उक्त पर्यटकीय संरचना थाहा नगरपालिकालाई हस्तान्तरण गरेको थियो । म्युटावर सञ्चालन तथा व्यवस्थापनका लागि थाहा नगरपालिका र प्रदेशको पर्यटन विकास आयोजनाबिच सम्झौता भएको छ । सम्झौताअनुसार अब नगरपालिकाले यो टावर आफैं वा अन्य संघसंस्था/समितिमार्फत ठेक्कामा लगाएर सञ्चालन गर्न सक्नेछ ।

टावरबाट हुने आम्दानीको बाँडफाँडमा ७० प्रतिशत हिस्सा थाहा नगरपालिकाको हुनेछ भने बाँकी ३० प्रतिशत रकम बागमती प्रदेश सरकार को राजस्व खातामा अर्धवार्षिक रुपमा जम्मा गर्नुपर्ने पर्यटन विकास आयोजनाका प्रमुख रोशन श्रीवास्तवले जानकारी दिए । १० बुँदे सम्झौतामा सो संरचना पर्यटन प्रवर्धनबाहेक अन्य कुनै पनि उद्देश्यका लागि प्रयोग गर्न नपाइने उल्लेख गरिएको छ ।

म्युटावर परिसरमा मुख्य टावरसँगै क्रिएसन हल, शौचालय, रिटेनिङ वाल, गेट र



प्रदेश सरकारले २०७६ सालदेखि हालसम्म १३ मध्ये ९ जिल्लामा ११ वटा म्युटावर निर्माण गरिसकेको छ । मकवानपुरसहित नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, चितवन, रामेछाप, सिन्धुली, धादिङ र दोलखामा उक्त संरचना निर्माण भएका हुन् । ११ वटा म्युटावर निर्माणमा प्रदेश सरकारले कुल ३२ करोड ८४ लाख ३ हजार ३ सय ३९ रूपैयाँ लगानी गरेको छ ।

गार्ड हाउस जस्ता संरचनाहरु निर्माण गरिएको उनले बताए । संरचना मर्मतसम्भार गर्नुपरेमा एक पटकका लागि प्रदेशको पर्यटन मन्त्रालयले लागत बेहोर्ने सम्झौतामा उल्लेख रहेको उनको भनाइ छ ।

उनका अनुसार प्रदेश सरकारले २०७६ सालदेखि हालसम्म १३ मध्ये ९ जिल्लामा ११ वटा म्युटावर निर्माण गरिसकेको छ । मकवानपुर सहित नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, चितवन, रामेछाप, सिन्धुली, धादिङ र दोलखामा उक्त संरचना निर्माण भएका हुन् । ११ वटा म्युटावर निर्माणमा प्रदेश सरकारले कुल ३२ करोड ८४ लाख ३ हजार ३ सय ३९ रूपैयाँ लगानी गरेको छ । जसमध्ये चित्लाङसहित हालसम्म ५ वटा म्युटावर मात्रै सञ्चालनमा आएका र अन्य संरचनाहरु पनि क्रमश: स्थानीय तहलाई हस्तान्तरण गर्ने प्रक्रियामा रहेको उनले बताए ।

उद्घाटन कार्यक्रममा पर्यटनमन्त्री सुरेश श्रेष्ठले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न प्रदेश सरकारले पर्यटकीय पूर्वाधारमा लगानी बढाउँदै लगेको बताए । प्रदेशको पर्यटकीय गन्तव्यहरुको व्यवस्थापन र संरचनाको विकासमा सरकार प्रयत्नरत रहेको उनको भनाइ थियो ।

कार्यक्रममा थाहा नगरपालिकाका मेयर विष्णु विष्टले म्युटावर सञ्चालनसँगै थाहा नगरमा पर्यटकको संख्या बढ्ने र स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

वैदेशिक रोजगारीका ...

उपलब्ध गराउनेसम्म, बिचौलियालाई मिसा परिवर्तनका लागि रकम बुझाउनेदेखि यूएईमा व्यापार गर्ने उद्देश्यले अरुको नाममा पुँजी लगानी गर्नेसम्मका घटना नेपाली समुदायमाझ व्यापक छ ।

त्यस्तै सम्झौता अनुसार तलब नपाएको वा राम्रो काम पाइने प्रलोभनमा पुरानो कम्पनीसँगको करार अवधि पूरा नगरी र प्रक्रियागत रुपमा मिसा रद्द नगरी कम्पनी छाडेर हिँडदा जरिवानामा पर्नेको संख्या पनि उल्लेखनीय छ । यसैगरी बहुविवाह गरी घरमै सुत्केरी गराएर बच्चाको कागजात नबनाउने बाबुआमादेखि बच्चा जन्माएर अस्पतालमै छाडी नेपाल फर्किएका घटनासम्म यहाँ देखिन्छ ।

नेपालमा जति सहज रुपमा नियम तथा सामाजिक आचारसंहिताबाट उन्मुक्ति पाइन्छ, त्यति सहजताका साथ संसारका अन्य कुनै पनि देशमा उन्मुक्ति पाइँदैन । शिक्षित, सचेत र अनुशासित नागरिकले समाजमा सकारात्मक वातावरण सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्छन् ।

त्यसैले नेपालीलाई स्थानीय नियम कानुनको पालना गर्न, मदिरा सेवन नगर्न, स्वास्थ्यप्रति सचेत रहन, गैरकानुनी लेनदेन नगर्न तथा यहाँको कानुनको पूर्णरुपमा परिपालन गर्न निरन्तर अनुरोध गर्दै नेपाली राजदूतावास आबुधाबीले दूतावासकै प्रतीक्षाकक्षामित्र श्रमिक सचेतनाका कार्यक्रम सञ्चालन गर्छ ।

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकको रोजगारी तथा सुरक्षा सुनिश्चित गर्न नेपाल सर कारले उनीहरुलाई गन्तव्य मुलुकमा जानुपूर्व नै त्यो देशको श्रमसम्बन्धी कानुन, सामाजिक आचार संहिता तथा सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी जानकारी प्रदान गर्नु अनिवार्य छ । वैदेशिक रोजगारीमा रहेका महिलासँग सम्बन्धित पक्ष झनै संवेदनशील हुने हुँदा कानुन बनाएरै तिनको अधिकार र सम्मानको सुरक्षा गर्नु आवश्यक छ । विस्तारै नेपाली समाजले विवाहसम्बन्धी महिलाको निर्णय र तीबाट जन्मिएका बच्चाको आर्थिक, सामाजिक तथा कानुनी अधिकार सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन यी बुँदाहरुमा काम गर्नु आवश्यक छ: श्रमिकको सहज जीवनका निम्ति उनीहरु काम गरेकै ठाउँबाट एपहरुमार्फत उजुरी दिने व्यवस्था ।

- गलत तथा भ्रामक सूचना दिनेलाई कारबाही ।
- श्रमिक र आश्रित परिवारका लागि वैदेशिक रोजगारीसम्बन्धी सचेतनामूलक कार्यक्रम ।
- छिटो तथा पारदर्शी रुपमा समस्या सम्बोधन ।

समान काममा विभेदपूर्ण...

भन्नु समस्या भएको पुडारैनीले बताइन् "यो विभेदलाई हटाउन प्रयत्न गरेका हौं गाह्रो रहेछ" उनले भनिन् ।

न्यायिक समितिको अध्यक्ष पनि स्थानीय तहको उपाध्यक्ष/उपमेयर नै छन तर विभेदकारी ज्यालाका बारेमा न्यायिक इजलासमा अहिलेसम्म छलफल हुन सकेको छैन । मकवानपुरको पश्चिमी क्षेत्रमा पर्ने अर्थात् चेपाङ बाहुल्य रहेका ग्रामीण भेगमा ज्याला अत्यन्त सस्तो छ । त्यसमा पनि समान कामको समान ज्याला छैन विभेद छ ।

स्थानीय सरकारले समान कामको समान ज्याला उपलब्ध गराउने कानुन निर्माण गर्न सक्छ । तर त्यतातर्फ स्थानीय सरकारको ध्याननै पुग्न सकेको छैन । "स्थानीय सरकारले समान कामको समान ज्याला दिनुपर्ने निर्णयसमेत गर्न सक्छ तर अहिलेसम्म त्यस्तो निर्णय भएको थाहा नभएको अधिकारकर्मी पाठकले भनिन् । जिल्ला प्रशासन कार्यालय मकवानपुरले आव २०८२/०८३ का लागि दक्ष र अदक्ष मजदुरहरुको जिल्ला दररेट तोकेको छ ।

जसमा दक्ष मजदुरको लागि प्रतिदिन १ हजार २ सय तोकेको छ भने अदक्षको लागि ९ सय रूपैया तोकेको छ । बजार मुल्य अनुसार यो दररेट समय सापेक्ष नभएको गुनासो छ । अझै ज्याला गरेर दैनिकी गुजारा गर्नेहरूको अवस्था अझै समस्याग्रस्त छ ।

जिल्ला दररेट अनुसार भारि बोकेर ज्याला गर्नेहरूको लागि जिल्ला प्रशासन कार्यालय मकवानपुर ले पछिल्लो ३ वर्षदेखि ज्यालामा हेरफेर नै गरेको छैन । भरियाहरूको कामको प्रकृति अनुसार सहजता वा असहजता हुन्छन्, जोखिम पनि कम र बढी हुन्छन् यसको लागि फरक दररेट भएपनि समय सापेक्ष पुनरावलोकल भएको छैन ।

उक्त दररेट अनुसार सहज भरिया (भारी)को लागि प्रति किलोग्राम प्रति कोसको ३ रूपैयाँको दरले ज्याला तोकिएको छ । भने भरिया असजिलो/ जोखिमपूर्ण भारीको लागि प्रति किलोग्राम प्रति कोसको ६ रूपैयाको दरले ज्याला तोकिएको छ । असजिला तथा जोखिमपूर्ण भारी भन्नाले जोखिमपूर्ण सामान भन्नाले विभिन्न व्यासमा आउने पोलिथिन पाइप, जि.आई. पाईप, जस्तापाता, ग्यावियन बक्स, रूवा बिजुलीको पोल, काठ, कङ्क्रिट पोल, झोल औषधि, बोट विरूवा सिसा, झोलुङ्गे पुलको ला एवं सामानहरू, स्यानिटरी सामानहरू सेरामिक्स, ब्लारिटङका सामानहरू, ईलेक्ट्रोनिक्स तथा पेट्रोनिक्सहरू पर्दछन् ।

यो ज्यालादर आर्थिक वर्ष २०८०/०८१ देखि समान उही नै छ । बजारका मुल्य बढ्दा ज्यालादर नबढेपछि मजदुरहरूले समेत उही पैसामा चुपचाप काम गर्नुपर्ने अवस्था छ ।

महिला र पुरूष श्रमिकलाई समान कामको समान ज्याला दिनुपर्ने बारे सरकारले नीति तय गरेको दुइ दशक नाघिसक्दा पनि कार्यान्वयनमा भने आउन सकेको छैन । कृषि श्रमिकहरुको ज्याला सम्बन्धमा श्रम मन्त्रालयले २०५७ सालमा एक सूचना प्रकाशित गरी महिला र पुरूषले गर्ने समान कामका लागि समान दाम निर्धारण हुनुपर्ने स्पष्ट गरेको थियो, तर हालसम्म त्यसको पूर्ण कार्यान्वयन भएको छैन ।

कार्यान्वयनको लागि खबरदारी गर्ने निकाय कुन हो ? किन कार्यान्वयन भएन ? महिला र पुरूष श्रमिकहरुलाई समान काममा असमान ढंगले ज्याला दिने परम्परागत प्रचलन कानून झै दरीलो बनेर गडेको छ समाजमा ।

अनौपचारिक क्षेत्रमा मजदुरहरूले गत बैशाखमा काठमाडौमा जलवायु न्याय तथा मर्यादित श्रम अभियान बारे सम्मेलन गर्दै अनौपचारिक श्रमिकहरुको अधिकार र न्याय सुनिश्चितताका लागि काठमाडौ मागपत्र २०८२ जारी गरेका थिए ।

यस घोषणा पत्रले पनि श्रमिकका अधिकार र न्याय सुनिश्चित गर्न नीतिको प्रभावकारी कार्यन्वयन गर्न संघिय, प्रदेश र स्थानिय तहका सरकारसँग माग गरेको छ । अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई स्थानीय तहमा सूचीकृत गर्ने व्यवस्था संघीय श्रम ऐनमा गरि श्रम ऐन अनुसारको न्यूनतम र न्यायपूर्ण ज्याला सुनिश्चित गर्न उक्त भेलाले माग गरेको मकवानपुरकी मजदुर नेतृ बिमला तामाङले बताइन् ।

बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयको प्रथम चौमासिक समीक्षा गोष्ठी



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकार अन्तर्गत श्रम, रोजगार तथा यातायात मन्त्रालयको चालु आर्थिक वर्षको प्रथम चौमासिक समीक्षा गोष्ठी हेटौंडामा सम्पन्न भएको छ। मन्त्रालयले पहिलो चौमासिक अवधिमा सञ्चालन गरेका कार्यक्रम, बजेट कार्यान्वयनको अवस्था, उपलब्धि तथा चुनौतीबारे समीक्षा गर्दै आगामी कार्यदिशा तय गर्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको हो।

गोष्ठीलाई सम्बोधन गर्दै श्रम, रोजगार तथा यातायात मन्त्री जयराम थापाले मन्त्रालयका कार्यक्रमहरु कागजमै सीमित नभई प्रत्यक्ष रुपमा नागरिकले अनुभूति गर्ने खालका हुनुपर्नेमा जोड दिए ।

मन्त्री थापाले श्रम, रोजगार र यातायात क्षेत्र जनजीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील क्षेत्र भएकाले सेवा प्रवाहमा कुनै पनि प्रकारको ढिलासुस्ती सह्य नहुने स्पष्ट पारे ।

मन्त्री थापाले प्रदेशभित्र रोजगारीका अवसर सिर्जना, वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने, श्रमिकको हकहित संरक्षण तथा यातायात सेवा सहज, व्यवस्थित र प्रविधिमैत्री बनाउने सरकारको प्राथमिकता रहेको उल्लेख गरे । सवारी चालक अनुमति पत्र वितरण प्रणाली, ट्रायल सेन्टरको व्यवस्थापन, सार्वजनिक यातायातको नियमन तथा श्रम बजार व्यवस्थापनमा सुधार ल्याउन मन्त्रालय सक्रिय रुपमा काम गरिरहेको उहाँको भनाइ थियो।

यसैगरी गोष्ठीलाई सम्बोधन गर्दै बागमती प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारीले मन्त्रालयका कार्यक्रमहरु परिणाममुखी र मापनयोग्य हुनुपर्नेमा जोड दिनुभयो। प्रमुख सचिव अधिकारीले बजेट खर्चसँगै त्यसको प्रभाव नागरिकस्तरमा देखिनुपर्ने बताउँदै कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउन निर्देशन दिए । उनले कर्मचारीको कार्यदक्षता, पारदर्शिता र जवाफदेहिता बढाएर मात्र प्रदेश सरकारप्रति जनविश्वास सुदृढ गर्न सकिने उल्लेख गरे ।

गोष्ठीमा मन्त्रालयका सचिव राम बाबु पुरीले प्रथम चौमासिक अवधिमा मन्त्रालयले बजेट कार्यान्वयनको अवस्था, कार्यक्रमगत प्रगति र संरचनागत चुनौतीबारे जानकारी दिँदै संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अभाव, प्राविधिक जनशक्ति कमी र प्रक्रियागत जटिलता मुख्य चुनौतीका रुपमा रहेको बताउए ।

उनले ती चुनौती समाधानका लागि अनुगमन प्रणालीलाई सुदृढ बनाइने, कार्यालयबीच समन्वय बढाइने र सेवाग्राहीमैत्री कार्यशैली अपनाइने स्पष्ट पारे । साथै, डिजिटल प्रणालीको प्रयोग बढाएर सेवा छिटो, पारदर्शी र प्रभावकारी बनाउने तर्फ मन्त्रालयले दृढ रहेको सचिव पुरीको भनाइ थियो।

गोष्ठीमा मन्त्रालय अन्तर्गतका कार्यालय प्रमुख, कर्मचारीहरुको सहभागिता रहेको थियो। कार्यालय प्रमुखहरुले सेवा प्रवाहमा देखिएका समस्या, नीति कार्यान्वयनका चुनौती र सुधारका उपायबारे आ आफ्ना सुझाव प्रस्तुत गरेका थिए।

मन्त्रालयले यस्ता समीक्षा गोष्ठीमार्फत कार्यसम्पादन मूल्याङ्कन गर्दै आगामी दिनमा परिणाममुखी र जनउत्तरदायी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने जनाएको छ।

किर्ते नागरिकतामा वडाध्यक्षसहित सात जनालाई कैद सजाय

○ सहीखबर संवाददाता

मकवानपुर । किर्ते नागरिकता प्रमाणपत्र बनाएको तथा झुटो विवरण पेश गरी जग्गा नामसारी गरेको कसुरमा जिल्ला अदालत मकवानपुरले वडाध्यक्षसहित सात जनालाई दुई वर्षदेखि आठ वर्षसम्म कैद सजाय सुनाएको छ ।

जिल्ला न्यायाधीश पूर्णिमा कोईरालाको इजलासले आइतबार बकैया गाउँपालिका ४ का वडाध्यक्ष राजन दंगाल, वडा सचिव अनिशा श्रेष्ठ, सोमबहादुर न्यासुर, सानुमान थिङ र जमानसिंह म्लोनलाई जनही दुई वर्ष कैद र ३० हजार रूपैयाँ जरिवानाको फैसला गरेको हो ।

यस्तै, पूर्णबिहादुर म्लोन र रामबहादुर न्यासुरलाई आठ वर्ष कैद तथा एक लाख ३० हजार रूपैयाँ जरिवाना तोकिएको छ। अदालतका अनुसार नागरिकता सम्बन्धी कसुरमा पाँच वर्ष कैद र एक लाख रूपैयाँ जरिवाना तथा पञ्जीकरण कसुरमा तीन वर्ष कैद र ३० हजार रूपैयाँ जरिवाना निर्धारण गरिएको हो ।

वैदेशिक रोजगार विभागको महानिर्देशकमा मीरा आचार्य



○ सहीखबर संवाददाता

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभागको महानिर्देशकमा मीरा आचार्यलाई पठाएको छ । उनी विभागकी पहिलो महिला महानिर्देशक हुन् ।

श्रममन्त्री राजेन्द्र सिंह भण्डारीले मन्त्रीस्तरीय निर्णय गर्दै उनलाई विभागको जिम्मेवारी दिएका हुन् । उनी सामान्य मन्त्रालयबाट श्रममा सरूवा भएकी थिइन् ।

श्रममन्त्री भण्डारीले वैदेशिक रोजगारमा रहेको संगठित अपराधलाई अनुसन्धान गर्न टास्कफोर्स बनाउने योजना बनाइरहेका बेला विभागले नयाँ महानिर्देशक पाएको हो ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं,
वातावरण स्वच्छ र हराभरा राखौं । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र निः शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र निःशूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

वडा अध्यक्ष: नरनाथ सुवेदी (नवराज)

१९ वडा कार्यालय हेटौंडा उपमहानगरपालिका

भूटनदेव माविका १३ जना सासु कोषमा आवद्ध



○सहीखर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगरपालिका ४ स्थित भुटनदेवी माध्यमिक विद्यालयका (प्राविधिक शिक्षालय) १३ जना शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन्।

विद्यालयले आन्तरिक स्रोतबाट आर्थिक वर्ष २०८२/०८३ बाट ६ जना शिक्षक र ७ जना कर्मचारी गरी १३ जनालाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराएको हो । बुधबार विद्यालयले उनीहरूलाई सामाजिक सुरक्षा कोषको कार्ड वितरण गरेको छ । जिफण्ट केन्द्रीय अध्यक्ष विनोद श्रेष्ठले बुधबार सामाजिक सुरक्षा कोषमा आबद्ध भएकाहरूलाई सदस्य कार्ड वितरण गरेका हुन् ।

सामुदायिक विद्यालयले शिक्षक तथा कर्मचारीलाई सामजिक सुरक्षा कोषमा आबद्ध गराउने कार्य उदाहरणीय रहेको कार्ड वितरण कार्यक्रमा श्रेष्ठले बताए । उनले भने'सामाजिक सुरक्षाले श्रमिकको पेशागत भविष्य सुरक्षित हुन्छ ।' सामुदायिक विद्यालयमा निजी स्रोतमा कार्यरत शिक्षक र कर्मचारी सेवाको सुविधा सुनिश्चित गर्न कोषमा आवद्धताले सहयोग पुग्ने अपेक्षा लिइएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष नवीन सिञ्देलले उनले बताए । आन्तरिक स्रोतबाट शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने देशकै पहिलो सामुदायिक विद्यालय भुटनदेवी मावि भएको उनले जानकारी दिए ।

विद्यालयले गत साउन महिनाबाट १३ जना शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराएको विद्यालयका लेखापाल बालकृष्ण दाहालले जानकारी दिए । १३ जनालाई कोषमा आवद्ध गराउदा विद्यालयले मासिक ४९ हजार भुक्तानी गर्दै उनले बताए । 'यो वर्ष न्यूनतम ३ वर्ष सेवा अबधि पूरा भएका १३ जनालाई सामाजिक सुरक्षामा आवद्ध गराइएको छ' उनले भने 'अर्को सालबाट ३ वर्ष सेवा पूरा हुने थप ८ जनालाई कोषमा आबद्ध गराइनेछ । विद्यालयले न्यूनतम मासिक तलबको आधारमा कोषमा आवद्ध गराएको हो । विद्यालयमा निजी स्रोतमा ३१ जना शिक्षक तथा कर्मचारी कार्यरत छन् ।

स्वर्ण जयन्ती मनाउँदै निर्मल मावि



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा उपमहानगर पालिका वडा नम्बर १९, बस्तिपुरस्थित निर्मल माध्यमिक विद्यालयको स्वर्ण महोत्सव आज (मंगलबार) बाट सुरू भएको छ ।

विद्यालयले मंगलबारदेखि शनिबारसम्म ५ दिन विद्यालयको ५०औं वार्षिकोत्सवलाई स्वर्ण महोत्सवको रूपमा मनाउन लागेको प्रधानाध्यापक प्रवोध बिडारीले जानकारी दिए । उनका अनुसार बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले महोत्सवको उद्घाटन गर्ने छन् । स्वर्ण महोत्सव अन्तरगत प्रत्येक दिन विशेष कार्यक्रमहरू आयोजना गरिने उनले जानकारी दिए ।

महोत्सवअन्तर्गत बुधबारदेखि शुक्रबारसम्म पालिकास्तरीय पुरूष भलिबल प्रतियोगिता हुनेछ । प्रतियोगितामा प्रथम हुने टोलीले ७५ हजार, द्वितीय हुनेले ५० हजार र तृतीय हुने टोलीले सन्त्वना पुरस्कार १५ हजार रूपैयाँ पाउने छन् । उत्कृष्ट खेलाडीले १० हजार रूपैयाँ पुरस्कार पाउनेछ ।

यसैगरी आज बिहीबार विद्यालय परिसरमा नगरस्तरीय विद्यार्थी हाजिरीजवाफ प्रतियोगिता हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश: १५ हजार, १० हजार र ६ हजार रूपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् भने चौथो स्थान हासिल गर्नेले ४ हजार नगदसहित प्रमाणपत्र प्राप्त गर्ने छ ।

शिक्षक नृत्य प्रतियोगिता समेत हुने महोत्सवमा विद्यालयको गान(गीत) तथा वृत्तचित्र सार्वजनिक हुनेछ । स्वर्ण महोत्सवमा निर्मल स्मारिका प्रकाशन तथा स्वर्ण स्तम्भ अनावरण हुनेछ भने बृहत रक्तदान तथा बृहत स्वास्थ्य शिविर समेत सञ्चालन हुने प्रअ विडारीले जानकारी दिए । विद्यालयले महोत्सव अवधिभरी खानाको स्टल तथा मिनी व्यापार महोत्सव समेत सञ्चालन गर्नेछ ।

यसैगरी स्काउट मार्चपास प्रतियोगिता आयोजना हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश: १५ हजार, १० हजार र ७ हजार रूपैयाँ पुरस्कार पाउने छ । सान्त्वना स्वरूप ५ हजार पुरस्कार राशिको व्यवस्था गरिएको छ । स्थानीय र राष्ट्रिय कलाकारको प्रत्यक्ष लोकदोहरी कार्यक्रम समेत महोत्सवमा हुनेछ ।

स्वर्ण महोत्सवका लागि पूर्वविद्यार्थीहरूबाट करिब २५ लाख रूपैयाँ प्राप्त भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत ओलीले बताए । करिब ५० लाख रकम लाग्ने अनुमान गरिएको महोत्सवका लागि हेटौंडा उपमहानगरपालिकाले ५ लाख, १९ नम्बर वडा कार्यालयबाट ५ लाख, मनहरी गाँउपालिकाबाट ३ लाख, बुढानिलकण्ठ नगरपालिकाबाट ३ लाख सहयोग प्राप्त भएको बताइएको छ ।

शनिबार बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले स्वर्ण महोत्सवको समापन गर्ने कार्यक्रम रहेको विद्यालयले जनाएको छ ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न

❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं
❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

मनहरी गाउँपालिका मकवानपुर

सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं

❖ कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।
❖ त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
❖ सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं ।
❖ बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं ।
❖ सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झूठा समाचार, बदनियतपूर्ण / द्वेषपूर्ण सामग्री प्रति सजग रहौं ।
❖ मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
❖ विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं ।
❖ सामाजिक अपराध रोक्न समुदाय प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं । अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड